# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) सुर्खेत, आश्विन १४ गते, २०७७ साल (संख्या १४


## भाग ३

### प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### <u>प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने कार्यविधि, २०७६ मा संशोधन</u>

**<u>प्रस्तावनाः</u>** प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्ले यो कार्यविधि संशोधन गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा २ मा संशोधनः** प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७६(यसपछि मूल कार्यविधि भनिएको) को दफा २ को खण्ड (च) मा रहेको "अन्तरगतका सेवा समूह सञ्चालन गर्ने सम्बन्धित मन्त्रालयहरूलाई" भन्ने शब्दहरुको सट्टा "अन्तर्गत यस कार्यविधि बमोजिम सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएको छ।

३. **मूल कार्यविधिको दफा ३ मा संशोधनः** मूल कार्यविधिको दफा ३ को उपदफा (२) मा रहेको सातौं तह भन्ने शब्दहरुको पछि "तथा स्वास्थ्य सेवाको हकमा आठौं तहको चिकित्सक समेत"भन्ने शब्दहरु थपिएको छ।

४. **मूल कार्यविधिको दफा ६ मा संशोधनः** मूल कार्यविधिको दफा ६ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहाएको खण्ड (ग) राखेः

(ग) सेवा समूहसँग सम्बन्धित मन्त्रालयको अधिकृत नवौं/दशौं तहको प्रतिनिधि -सदस्य

५. **मूल कार्यविधिको दफा ८ मा संशोधनः** मूल कार्यविधिको दफा ८ को उपदफा (१) मा एकै स्थानमा दोहोरिएको मध्ये एउटा "सूचना" भन्ने शब्द हटाइएको छ।

६. **मूल कार्यविधिको दफा ९ मा संशोधनः** मूल कार्यविधिको दफा ९ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) झिकी देहायको खण्ड (क) देखि (ङ) सम्म र खण्ड (ग) को उपखण्ड (१) र (२) थपिएको छ।

(क) शैक्षिक योग्यता वापत- ३५ (पैंतिस) अंक, (प्रथम श्रेणी वा सोभन्दा माथि बापत ३५ (पैंतिस), द्वितीय श्रेणी बापत ३३ (तेत्तीस) र तृतीय श्रेणी बापत ३१(एकतिस)।(त्रिभुवन विश्वविद्यालयको अंक गणना प्रणालीका आधारमा)।

(ख) कार्य अनुभव बापत- ५ (पाँच) अंक (प्रति वर्ष १ अंकको दरले)

(ग) स्थायी बसोबासको आधारमा देहाय बमोजिम २० (बिस) अङ्क,

(१) कुनै जिल्लाको लागि बिज्ञापन भएको अवस्थामा सोही जिल्लाको स्थायी वासिन्दा भएमा २०(बीस) अंक वा,

(२) प्रदेशभरको लागि विज्ञापन भएको अवस्थामा कर्णाली प्रदेशको स्थायी वासिन्दा भएमा २० (बीस) अंक।

(स्पष्टिकरणः स्थायी बसोबास प्रमाणित हुनको लागि सम्बन्धित स्थानीय तहबाट जारी भएको सो स्थानीय तहमा स्थायी बसोबास गरिरहेको ब्यहोराको सिफारिस पत्र पेश गर्नु पर्नेछ । त्यस्तो सिफारिस पत्र विज्ञापनको मितिले तीन महिना भन्दा अगाडी जारी गरेको मान्य हुने छैन ।

(घ) समावेशीता बापत ५ (पाँच) अंक । (समावेशीता भन्नाले महिला, आदिवासी जनजाती, मधेशी, पिछडीएको क्षेत्र र

दलित सम्झनु पर्नेछ।प्रत्येक समावेशी क्षेत्र वापत १ अङ्क प्रदान गर्नु पर्नेछ)

(ङ) अपाङ्ग वापत अलग्गै ५ (पाँच) अंक।

७. **<u>मूल कार्यविधिको दफा १० मा संशोधनः</u>** मूल कार्यविधिको दफा १० को उपदफा (१) मा रहेको अन्तरवार्ताको अधिकतम अंक पछिको "२० (बिस)" भन्ने अंक र अक्षरको सट्टा "३० (तिस)" भन्ने अंक र अक्षर र अंक प्रदान गर्दा भन्ने शब्दहरुको पछि रहेको "न्यूनतम ८ (आठ) र अधिकतम १४ (चौध)" भन्ने अंक र अक्षरको सट्टा "अन्तर्वार्ताको अधिकतम अंकलाई सत प्रतिशत मानी सोको न्यूनतम ३० (तीस) प्रतिशत र अधिकतम ७० (सत्तरी) प्रतिशत" भन्ने अंक र अक्षर राखिएको छ।

८. **<u>मूल कार्यविधिको दफा १२ मा संशोधनः</u>** (१) मूल कार्यविधिको दफा १२ को उपदफा (१) मा रहेको सम्पादित कार्य सन्तोषजनक रहेमा भन्ने शब्दहरुको पछि कमा र"सो पदको सेवा कार्यालयलाई आवश्यक रहेमा र अन्य कुनै तरिकाबाट सो पदमा स्थायी पूर्ति नभएको अवस्थामा सम्बन्धित मन्त्रालयको प्रस्तावमा प्रदेश सरकार मन्त्रिपरिषद्बाट" भन्ने शब्दहरु राखिएको छ।

(२) उपदफा (३) मा रहेको स्थानीय भत्ता भन्ने शब्दहरु पछि रहेको "र प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम दैनिक तथा भ्रमण भत्ता र अन्य भत्ताहरू" भन्ने अंक र अक्षरहरु हटाइएको छ।

**आज्ञाले,**

आनन्द सारु

प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**